मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपलाञ्चोक
Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

**विषयः- ट्रिपर तथा ठुला मालबाहक सवारी सञ्चालनमा रोक लगाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यसै नगरपालिका क्षेत्रभित्र पर्ने कुन्तावेसी-नयाँगाउँ- नगरकोट सडक यसै आर्थिक वर्षमा कालो पत्रे सम्पन्न भइ सञ्चालनमा आएको तथा केही भाग अझै कालोपत्रे हुन बाँकी रहेको र वर्षातको समयमा बाढी पहिरोको जोखिम रहेको तथा हिंगुवापाटी-गैह्रिविसौना-नगरकोट सडक कालोपत्रे हुनै बाँकी रहेको व्यहोरा सर्वविदितै छ। साथै जिल्ला प्रशासन कार्यालय, धुलिखेल, काभ्रेपलाञ्चोकको मिति २०८१/०३/२६ गतेको च.नं. ७५ को आवश्यक समन्वय सम्बन्धमा विषयक पत्रको व्यहोरा अनुसार धुलिखेल-खावा सडक खण्डमा ट्रिपर सञ्चालन गर्न रोक लगाएकोमा उक्त ट्रिपरको आवागमन समेत सो (कुन्तावेसी-नयाँगाउँ- नगरकोट) सडक हुँदै भइरहेको पाइएको छ। त्यसै गरी सिन्धुपाल्चोक, दोलखा, रामेछाप लगायतका जिल्लातर्फ जाने र राजधानी प्रवेश गर्ने साना ठुला यात्रुवाहक सवारी साधन समेत यसै सडकबाट सञ्चालन भइरहेको तथा यो सडकको क्षमता भन्दा बढी सवारी साधन सञ्चालनमा आँउदा दुर्घटनाको समेत उच्च जोखिमलाई मध्यनजर गर्दै **ट्रिपर लगायत ठुला मालवाहक सवारी साधन सञ्चालनमा रोक लगाइएको** तथा हिंगुवापाटी-गैह्रिविसौना-नगरकोट सडकमा एम्बुलेन्स बाहेक सबै खाले सवारी साधन सञ्चालनमा रोक लगाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि आदेशानुसार अनुरोध छ। यो सूचनालाई अवज्ञा गरी ट्रिपर लगायत ठुला मालवाहक सवारी साधन सञ्चालन गरिएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत अवगत गराइन्छ।

मितिः २०८१/०३/२७
ने.संः ११४४ दिल्लाथ्व ५, बिहीवार

..............................
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत